# कुशे गाउँपालिका
## थर्पु भार्मा, जाजरकोट

प्रमाणित गर्ने

नाम थरः हरिचन्द्र बस्नेत

पदः गापा अध्यक्ष

हस्ताक्षरः

पारित मितिः २०८२।०३।२७

# आर्थिक वर्ष २०८२/०८३
# बजेट

२०८२ साल असाढ १०

# कुशे गाउँपालिकाको आ.ब. २०८२/०८३ को बजेट वक्तब्य

**गाउँ सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

नेपालको संविधान, अन्य प्रचलित संघीय र प्रदेश कानून नेपालको सरकारको १६ औं आवधिक योजना, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य, विगत तथा यस बर्षहरुका नीति तथा कार्यक्रमहरुलाई मार्गदर्शनको रुपमा लिदै संविधानको धारा २३२ भएको व्यवस्था बमोजिम संघ प्रदेश र स्थानीय तह बीचको सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अबलम्बन गर्दै जन सहभागीता, उतरदायित्व र पारदर्शिता सुनिश्चित गरी गुणस्तरीय र दिगो विकास एबं आधुनिक कृषि मार्फत कामका अबसरहरु प्रदान गरी जनतामा राहतको अनुभूति दिलाउन पर्ने अवसर, दायित्व र चुनौति हामि समक्ष रहेको छ ।आम पालिका बासीको चाहाना र अपेक्षाको आधारमा पालिकाको सुशासन विकास र समृद्धिको खाका तयार गरी यस सम्मानित गाउँ सभामा आर्थिक बर्ष २०८२।०८३ को बजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

बजेट प्रस्तुत गर्दै गर्दा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिद प्रति भावपुर्ण श्रदान्जली अर्पण गर्दछु । साथै मेरो क्षमताले भ्याएसम्म कुशेको समग्र विकासको भाग्य रेखा कोर्नका लागि अहोरात्र खटि व्यक्तीगत जिवनका सम्पूर्ण कामहरु थाती राखी विकास निर्माण र जनताको काममा खटिरहने छु । सिमित स्रोत, साधनका बाबजुत पनि बजेट सिमा निर्धारण समितिबाट प्राप्त सिमाको परिधिभित्र रही जनप्रतिनिधि तथा आम नागरिकका ईच्छा आकांक्षा अनुरुप हुने गरी आगामी आर्थिक वर्ष २०८२/०८३ को वजेट प्रस्तुत गरेको छु।

देश संघीय संरचनामा गैसकेपछी जनताले नजिकवाट सरकार संग आफ्ना माग, आवश्यकता, चाहानाहरु सजिलै संग राख्न सक्ने अवस्था सिर्जना भएको छ, जुन सवैका लागि सुःखद पक्ष हो ।तसर्थ यो व्यवस्थालाई मजवुद वनाई आगामी कार्यदिशा जनता केन्द्रित वनाउनु सिंगो गाउँपालिका र जनप्रतिनिधिका लागि चुनौतिको विषय बनेको छ, यद्यपि कुशेमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै सम्भावनाहरु हामीसंग छन।जल, जमिन, जङगल, खनिज, जडिवुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा गाउँपालिकाले विकासका सम्भावनाहरुलाई मुर्तरुप दिन सकिन्छ भन्ने विश्वास लिएको छु । उक्त सन्दर्भलाई आत्मसाथ गर्दै भावि कार्यदिशा, गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग अनुरुप वजेट विनियोजन गरिएको व्यहोरा यस सभा समक्ष अवगत गर्न चाहन्छु ।

**सभा अध्यक्ष एवं सभाका सदस्य ज्यूहरु,**

अव म यस कुशे गाउँपालिकाको आ.व. २०८१।०८२ को संक्षिप्त आय र व्यय प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**आय तर्फ**

| आय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शीर्षक | प्रस्तावित आय | बास्तविक आय | आम्दानी % |
| १ | **संघीय सरकार** | **३५,९९,९३,०००** | **२४,६६,२४,३१९** | **६८.५०** |
| | समानिकरण अनुदान | ८,६५,००,००० | ६,१४,१५,००० | ७१.०० |
| | शर्सत अनुदान चालू | २४,२७,९३,००० | १७,४७,६९,७५० | ७१.९८ |
| | शसर्त अनुदान पूँजिगत | ६२,००,००० | ४६,५०,००० | ७५.०० |
| | विशेष अनुदान चालू | १,४०,००,००० | ५७,८९,५६९ | ४१.३५ |
| | समपुरक अनुदान पूँजिगत | १,०५,००,००० | ० | ० |
| २ | **प्रदेश सरकार** | **५,६३,१६,०००** | **४,४५,१२,७५०** | **७९.९०** |
| | समानिकरण अनुदान | ९३,०३,००० | ९३,०३,००० | १००.०० |
| | शसर्त अनुदान चालू | २१,१३,००० | १५,८४,७५० | ७५.०० |
| | शसर्त अनुदान पूँजिगत | २,२२,००,००० | १,६६,५०,००० | ७५.०० |
| | विशेष अनुदान चालू | १,३०,००,००० | ९७,००,००० | ७४.६१ |
| | समपुरक अनुदान पूँजिगत | ९७,००,००० | ७२,७५,००० | ७५.०० |
| २ | **राजस्व बाँडफाँड** | **१०,६३,१८,६०९.२१** | **८,२६,४१,२२२.८७** | **७७.७२** |
| | राजस्व बाँडफाँड बाट प्राप्त सवारी साधन कर (प्रदेश) | १३,००,००० | १०,०८,१८९ | ७७.५५ |
| | राजस्व बाँडफाँड बाट प्राप्त घरजग्गा रजिष्ट्रेशन कर (मालपोत) | २,८३,३४३ | २,८३,३४३ | १०० |
| | राजस्व बाँडफाँड बाट प्राप्त मूल्यअभिबृद्धि कर (संघ) | ७,६८,०२,८३८ | ५,६५,१६,६१५.७३ | ७३.५८ |
| | राजस्व बाँडफाँड बाट प्राप्त अन्त शुल्क (संघ) | २,७८,९७,१६२ | २,४७,९७,८०८.९३ | ८८.८९ |
| | राजस्व बाँडफाँड बाट प्राप्त बन रोयल्टि (संघ) | ३५,२६५.८१ | ३५,२६५.८१ | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | अल्या रकम समेत आन्तरिक स्रोत | २,१८,३३,८०३.८२ | २,१७,००,८०३.८२ | ९९.३९ |
| जम्मा | | ५४,४४,६१,४१३.०३ | ३३,७४,४९,८८७.७५ | ६१.९७ |

व्यय तर्फ

| व्यय | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिर्षक | बार्षिक बजेट | खर्च | खर्च % |
| | चालू खर्च | ३८,४२,८८,२००.०० | २६,०७,९७,६६६.५३ | ६७.८७ |
| | पूँजिगत खर्च | १५,९८,५४,६०३.८२ | ७,६६,५२,२२१.२२ | ४७.९५ |
| जम्मा | | ५४,४१,४२,८०३.८२ | ३३,७४,४९,८८७.७५ | ६१.०१ |

**सभा अध्यक्ष एवं सभाका सदस्य ज्यूहरु,**

अव म यस कुशे गाउँपालिकाको आ.व. २०८१।०८२ को विभिन्न विषय क्षेत्रहरुमा विनियोजन गरेको बजेटको प्रगति विवरण प्रस्तुत गर्न अनुमती चाहान्छु ।

**(क) आर्थिक विकास :**

१) आन्तरिक आय तर्फ :

१. आन्तरिक आय वृद्धि गर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरेको छ ।
२. करको दर भन्दा करको दायरा वढाउने नीतिलाई प्राथमिकताका साथ अगाडी वढाईएको छ
३. कर संकलन कार्यलाई पारदर्शि र व्यवस्थित बनाउन सुत्र प्रणाली मार्फत कर संकलन कार्यमा जोड दिईएको छ, जसको कारण गत आ.व भन्दा २० प्रतिशत बढि राजस्व संकलन भएको छ ।

२) कृषि तर्फ

१. किसानहरुलाई कृषि खेति प्रणाली बाट आत्मनिर्भर बनाउन दलहनबालि पकेट विकास कार्यक्रम संचालन गरी ५०० भन्दा बढि किसानहरु कृषि सामाग्री सहित लाभान्वित भएका छन् ।
२. खाद्या सुरक्षा तथा पोषण सहयोग कार्यक्रम अन्तर्गत २ वडा वाहेक अन्य वडाका १७५ जना र पोषण सुधार कार्यक्रम अन्तर्गत २०० जना सुनौला हजार दिनका आमाहरुलाई तरकारीको विउँ र कृषि सामाग्री वितरण गरिएको छ ।
३. किसानहरुको आयमा उच्चतम बृद्धि गर्न मौसमि तथा बेमौसमि विउँ खरिद गरी १५ सय जना कृषकहरुलाई सिटकिट वितरण गरिएको छ ।
४. च्याउको बढ्दो मागलाई मध्यनजर गर्दै आवश्यकतामा आधारित च्याउको विउँ खरिद गरी वितरण गर्ने कार्य सम्पन्न गरिएको छ।
५. नगदे बालिकाको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न बगैचा सुधार कार्यक्रम अन्तर्गत विरुवालाई आवश्यक पर्ने पेस्ट वितरण कार्य सम्पन्न गरिएको छ ।

३) **पशु विकास तर्फ :**

१. पशु स्वास्थ्य उपचार औषधि खरीद अन्तर्गत मेडिकल उपचार गाइनोलोजिकल उपचार, माईनर, सर्जिकल उपचार, क्यस्ट्रेशन आदि सेवाहरुबाट २९ हजार ५ सय ७४ पशुपन्छीहरुलाई औषधि उपचार प्रदान गरिएको छ ।

२. रेविज नियन्त्रण गर्न रेविज खोप कार्यक्रम अन्तर्गत २१०० डोज खरिद गरि कुशे गाउँपालिका भित्रका छाडा तथा घरपालुवा कुकुर र विरालोहरुमा लगाईएको छ।

३. भेडाबाख्रामा हुने सम्भावित महामारी रोग नियन्त्रण गर्न राष्ट्रिय पि पि आर खोप कार्यक्रम अन्तर्गत प्रदेश सरकारबाट हस्तान्तरित २१ हजार ५ सय डोज भ्याक्सिन लगाईएको छ।

४. वडा नं १ र वडा नं ८ मा १ दिने निशुल्क पशु स्वस्थ्य शिविर कार्यक्रम संचालन गरी ३९ सय भन्दा बढि पशुपन्छीमा लाग्ने रोग नियन्त्रणको लागि औषधि वितरण तथा उपचार सेवा प्रदान गरिनुका साथै १३ वटा बोकालाई बन्धयाकरण र १४० भन्दा बढि भेडा बाख्रालाई बाह्य परिजिव विरुद्धको आइभरमेटिन सेवा प्रदान गरिएको छ ।

५. कृषि प्रसार खाद्यसुरक्षा कार्यक्रम अन्तर्गत पशुपन्छीहरुलाई आवश्यक पर्ने प्रोबायोटिक निशुल्क रुपमा वितरण गरि सेवा प्रदान गरिएको छ।

४) **सहकारी र वित्तीय क्षेत्र तर्फ :**

१. गाउँपालिका भित्र संचालनमा रहेका सहकारीहरुको संस्थागत क्षमता विकासको लागि सहकारी संस्था व्यवस्थापन तथा पल्स अनुगमन सम्बन्धी ४ दिने तालिम संचालन गरिएको छ ।

**ख) सामाजिक विकास**

१) **शिक्षा तर्फ :**

१. गाउँ शिक्षा प्रणालीलाई गुणस्तरिय र प्रभावकारी बनाउन गाउँ शिक्षा योजना निर्माण गरिएको छ।

२. शैक्षिक संस्थागत क्षमता विकास र निरन्तर विद्यलायको सुधार कार्यमा जोड दिन नियमित प्रधानध्यापक बैठक, विद्यालय सुधारको लागि २८ बुद्धे कार्यसम्पादन करार सम्झौता, प्रधानध्यापन नियुक्ति सम्बन्धी कार्यविधि तयार गरिएको साथै बार्षिक परिक्षा र कार्यसम्पादनमा आधारित मूल्याङ्कबाट उत्कृत २ वटा विद्यालयलाई ५ लाख प्रोत्साह स्वरुप प्रदान गरिएको छ ।

३. शिक्षकहरुको व्यक्तीगत क्षमता विकास गर्न आधारभूत शिक्षकहरुलाई १ महिना प्रमाणिकरण तालिम, पाठ्यक्रम प्रबोधिकरण सम्बन्धी तालिम, विषयगत तालिम, EMIS तालिम, ICT तालिम करिब २२१ भन्दा बढि शिक्षकहरुलाई तालिम संचालन मार्फत क्षमता विकासको कार्य सम्पन्न गरिएको ।

४. विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि २ वटा विद्यालयलाई विज्ञान प्रयोगशाला सामाग्री वितरण र १ विद्यालयलाई पुस्तकालय प्रयोगशाला वितरण गरिएको छ।

५. विद्यालयको शैक्षिक व्यवस्थापन तथा बालबालिकाको पठ्नपाठनमा रुचि अभिबृद्धि गर्नका लागि विशेष शैक्षिक अनुदान अन्तर्गत नियमित रुपमा विद्यालय जाने दलित बालबालिकाहरुलाई स्टेशनरी सामान, बालविकास केन्द्रका बालबालिकालाई स्वअध्यायन सामाग्री, गरिब तथा विपन्न बालबालिकाहरुलाई पोशाक र झोला, विद्यार्थीहरुको लागि खेलकुद सामाग्री र विद्यालयमा आधारभूत तहको वसाई व्यवस्थापनको लागि कार्पेट र पिफर्म खरिद गरी वितरण गरिएको छ ।

६. आधारभूत तह कक्षा १ देखि ५ को पाठ्यपुस्तक लेखन कार्य सम्पन्न गरी छपाई कार्य गरिएको छ।

७. नेपाल सरकारले लिएको दिवाखाजा कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन सम्बन्धी कृषि सहकारी र आमा समुह लगायत ६७ वटा विद्यालयहरुलाई मेनु निर्माण सम्बन्धी अभिमुखिकरण, हरेक बार खाजा ४ को आधारमा मेनु निर्माण, भान्सेहरुलाई खाना पकाउदा प्रयोग हुने एप्रोन र हेयरनेट वितरण, प्रयोग हुने भाँडाकुडाहरु खरिद गरी वितरण, भान्सा घर निर्माणका साथै स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यविधि २०८१ निर्माण गरी कार्यान्वयन गरिएको छ ।

८. आधारभूत तह कक्षा ८ को परिक्षा संचालन तथा व्यवस्थापन गरी सम्पन्न गरियो छ ।

९. सामुदायिक विद्यालयमा अध्यायनरत कक्षा १ देखि ३ सम्मका सम्पूर्ण बालबालिकाको अपाँगता पहिचान गरी कार्यान्वय गरिएको छ।

१०. विद्यार्थिहरुलाई आयआर्जनका क्रियाकलापमा संलग्न गर्न पढ्दै कमाउदै कार्यक्रम कार्यान्वय गरिएको छ ।

११. विद्यार्थिहरुको शारीरिक तथा मानसिक विकासको लागि अध्यक्ष कप संचालन गरी सम्पन्न गरिएको र जिल्ला स्तरिय रनिङ्ग शिल्ड कार्यक्रममा विद्यार्थि सहभागी गराई पदक विजेता विद्यार्थिहरुलाई प्रोत्साहत स्वरुप पुरस्कार प्रदान गरिएको छ ।

१२. अपांगता भएका बालवालिकालाई शैक्षिमुलधारमा ल्याउन घरमै शिकाईको लागि घरमै विद्यालय कार्यक्रम संचालन गरिएको छ।

१३. शिक्षामा गुणस्तर अभिवृद्धि गर्नको लागि शैक्षिक सुधार रेडियो कार्यक्रम संचालन गरिएको ।

१४. विद्यायमा साक्षरता महत्त्व सम्बन्धी जनचेतामूलक सन्देश प्रवाह गर्नको लागि शैक्षिक सडक नाटक कार्यक्रम संचालन गरिएको ।

**२) स्वास्थ्य तर्फ :**

१. यस गाउँपालिकाको सुत्केरी महिलाहरुको स्वास्थ्य अवस्थालाइ मध्यनजर गर्दै सुरक्षित सुत्केरी गराउनको लागी कुशे गाउँपालिका वडा नं ३ डाँडा भौतामा वर्थिङ्गसेन्टर स्थापन गरि संचालनमा ल्याईएको छ।

२. यस कुशे गाउँपालिकामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुलाइ व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वडा नं ४ र २ का स्वास्थ्य व्यस्थापन समितिलाई अभिमुखिकरण कार्यक्रम र महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षामता विकास गर्न यस पालिकामा रहेका ३८ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुलाइ २ दिने क्षमता विकास कार्यक्रम साथै MPDSR सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरीएको छ ।

३. सुरक्षित मातृत्व सेवाको सुनिश्चितता गर्न विशेष कार्यक्रम लागू गर्दै यस बर्षमा संस्थागत सुत्केरी हुने महिलाको संख्या ९९.२३ प्रतिशत पुर्याइएकोछ ।

४. यस पालिका भित्र भएका ५ वटा स्वास्थ्यहरुको संस्थागत क्षमता सुधार गर्न न्यूतम सेवा मापदण्ड सम्बन्धी कार्यक्रम समपन्न गरिएको छ।

५. १ देखि ९ वटा वडासम्म रहेका सुनौला हजार दिनका आमाहरुलाई तथा बालबालिकाको स्वास्थ्यमा अवस्थालाई मध्यनजर गर्दै पोषण सम्बन्धी पोसिलो पिठो तथा सामाग्रीहर वितरण गरिएको छ ।

६. स्वास्थ्य चौकि अर्छानी र पैकमा कुशे गाउँपालिका स्वास्थ्य शाखाको समन्वय र स्वास्थ्य सेवा कार्यालय जाजरकोटको आर्थिक तथा प्राविधिक सहयोगमा ४ दिने सुरक्षित मातृत्व सम्बन्धी One Site Coaching कार्यक्रम समपन्न गरिएको ।

७. यस पालिकामा संचालित स्वास्थ्य चौकि तथा आधारभूत सामुदायीक स्वास्थ्य सेवा केन्द्रहरुमा औषधिको अभाव हुन नदिन समयमै ९८ प्रकारका निशुल्क रुपमा वितरण गरिने औषधिहरु खरिद गरी वितरण गरिएको ।

८. गाउँपालिकाका वडा नं २, ४, ५ र ६ मा स्वास्थ्य शाखा र आड्रा नेपालको सहकार्यमा महिलाहरुको प्रजनन् रुग्नता सम्बन्धी बृहत स्वास्थ्य शिविर सम्पन्न गरिएको छ ।

९. कुशे गाउँपालिका वडा नं ६ को घरंगा स्वास्थ्य चौंकिमा निशुल्क भ्यसिन्टोमि सिविर सम्पन्न गरिएको छ ।

१०. यस पालिका भित्र रहेका ५ वटा स्वास्थ्य चौकिहरुमा ग्रामिण अल्ट्रासाउण्ड तथा २ वटा स्वास्थ्य चौकिम क्षयरोग खोपर्ताल कार्यक्रम सम्पन्न गरिएको छ ।

११. जेष्ठ नागरिकहरुको मर्यादित र सुरक्षित जीवनयापनको लागि जेष्ठ नागरिक संग अध्यक्ष कार्यक्रम सम्पन्न गरिएको छ ।

**३) महिला बालबालि तथा जेष्ठ नागरिक तर्फ :**

१. कुशे गाउँपालिका र नेपाल रेडक्रस सोसाईटि जिल्ला शाखा जाजरकोट आर्थिक सहयोगमा ७ वटा स्थानमा वडा स्तरमा आँखा उपचार शिविर कार्यक्रम संचालन गरि उक्त कार्यक्रम

बाट ५८३ जना व्यक्तीहरु लाभान्वित भएका छन् । गाउँपालिका स्तरमा संचालन भएको निशुल्क मोतिविन्दु शल्यक्रिया शिविरबाट १२३ जना नागरिकहरु लाभान्वित भएका छन् ।

२. एकिकृत पूर्नलाभ परियोजना र UNICEF को आर्थिक सहयोगमा १० वटा बालक्लब र ९ वटा वडा स्तरिय बाल संरक्षण समितिका पदाधिकारीहरुलाई बाल संरक्षण घटन व्यवस्थापन बालविवाह लगायत बालबालिका विरुद्धको लैंगिक हिंसा वेचविखन तथा ओसारपसार एबम् यौन हिंसा तथा दुर्व्यबहार रोकथाम सम्बन्धी अभिमुखिकरण कार्यक्रम सपन्न भएको छ जस अन्तर्गत ३०४ जना वालवालिका र १४४ जना वडा वाल अधिकार समितिका पदाधिकारीहरु लाभान्वित भएका छन् ।

३. २०८१ साउन १ देखि हाल सम्मा संस्थागत सुत्केरी भएका ५७१ जना महिलाहरु गर्भवती तथा सुत्केरी संग उपाध्यक्ष पोषण कोशिल कार्यक्रम बाट लाभान्वित भएका छन् ।

४. विद्यालय तथा सामुदायमा आधारित ४२ वटा बालक्लव तथा बाल संजाललाई गाउँपालिकामा सुचिकृत गरी प्रमाण प्रत्र प्रदान गरिएको छ ।

५. गाउँपालिका स्तरिय आपतकालिन बाल उद्धार कोष बाट ११ जना जोखिममा रहेका बालबालिकाहरुलाई सहज जिवनयापनको लागि आर्थिक सहायता प्रदान गरिएको छ ।

६. दलित महिलाहरुको सिप विकास मार्फत स्वरोजगार बनाउन सिप विकास कार्यक्रम अन्तर्गत १९ जना महिलाहरुलाई ब्युटिसियन सम्बन्धी ७ दिने तालिम संचालन गरिएको छ ।

७. अपांग भएका व्यक्तिहरुको हक अधिकारको सुनिश्चितता गर्न २६ जना अपांगता भएका व्यक्तीहरुलाई अपाँगता भएको परिचय पत्र वितरण गरिएको छ ।

**४) न्यायीक तर्फ :**

१. न्यायीक समितिमा पर्न आएको उजुरी उपर स्वच्छ, निस्पक्ष, छिटो, छरितो रुपमा मेल मिलापको माध्यमबाट न्याय सम्पादनको लागि न्यायिक समितिका पदाधिकारी र मेलमिलाप कर्ताहरुलाई ५ दिने क्षमता विकास तालिम संचालन गरिएको छ ।

२. यसै बर्ष न्यायिक समितिमा दर्ता हुन आएका ७ वटा मुद्धाहरुको यथासिघ्र किनारा लगाईएको छ।

**५) उद्यम विकास तर्फ**

१. दलित समुदायको परम्परागत पेशगत हितको अभिबृद्धि मार्फत व्यवसायीक बनाउन आरन सुधार सिप विकास तालिम संचालन गरि सो सम्बन्धी सामाग्री वितरण गरिएको छ ।

२. नागरिकहरुको सिप विकास र क्षमता विकासको माध्यम बाट स्वरोजगार बनाउन सिलाई कटाई तथा गुढिया, कुशन बुनाई सम्बन्धी तालिम संचालन गरिएको छ ।

६) राहत तथा उद्धार तर्फ :

१. पालिकामा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसकेका सुत्केरी तथा विरामीहरुलाई तत्काल हवाई तथा स्थल मार्गबाट उद्धार गर्ने कार्य गरिएको छ ।

२. असाहाय विपन्न नागरिकहरुको जटिल रोग नियन्त्रणको लागि आर्थिक सहायता प्रदान गर्ने गरिएको छ ।

७) मुख्यमन्त्रि तथा प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

१. यस पालिका द्धारा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तर परियोजना पहल कार्यक्रम अन्तर्गत सुचिकृत ८० जना बेरोजगार नागरिकहरुलाई १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ । साथै मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १८५ जना नागरिकलाई रोजगारीमा आबद्ध गरी जम्मा २६५ जनाले रोजगारी दिईएको छ ।

२. श्रमको सम्मान राष्ट्रको अभियानलाई सार्थक बनाउन ९ वटै वडामा सो सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ ।

ग) पूर्वाधार विकास तर्फ :

१. सुरक्षित भरपर्दो र नियमित यातायात संचालन गर्न गाउँपालिका भित्रका प्रमुख सडकहरुमा मालुमेला देखि खुर्पा खोला पिप्से हुदैं गाउँपालिका सड्क, जिन्ताला देखि पैंक सड्क, बाटुल्ले देखि टापुचौर सडक, तम्ती देखि ताँगाचौर सडकको स्तरोउन्नती गरिएको छ ।सडक मर्मत संम्भार कार्यलाई थप प्रभावकारी वनाउन गाउँपालिका द्धारा ब्याक हो लोडर खरिद गरि संचालनमा ल्याईएको छ ।

२. सार्वजनिक सेवा प्रवाहलाई सहज वनाउनको लागि गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुको भवनहरुको निर्माण कार्यको सुरुवात गरिएको छ ।

३. गाउँपालिका र WFP को साझेदारीमा ४ वटा भान्सा घर निर्माणका साथै सबै विद्यालयमा दिवाखाजा व्यवस्थापनको लागि आवश्यक भाँडाकुडाहरु खरिद गरिएको छ ।

४. स्वच्छ र सफा खानेपानीमा पहुच कायम गर्न १९ स्थानमा खानेपानीका आयोजनाहरु निर्माण गरिएको छ साथै ३ स्थानमा सिचाईका आयोजनहरु निर्माण सम्पन्न गरिएको छ ।

५. नदि कटान तथा भूक्षयको जोखिममा रहेका विभिन्न ८ स्थानहरुमा तटबन्धनका आयोजनाहरु निर्माण गरिएको छ ।

६. विद्यालयमा भौतिक पूर्वाधारको विकास विस्तार गर्न १० विद्यालयमा फिल्ड तथा घेरावार, ३ विद्यालयमा शौचालय र २ विद्यालयमा खानेपानी आयोजना निर्माण गरिएको छ।

**सभा अध्यक्ष तथा सभा सदस्य ज्यूहरु**

अब म यस कुशे गाउँपालिकाको आ.ब. २०८२/०८३ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**वजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरेको छु ।**

१. नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेको आश्यकताहरु सिघ्र परिपुर्ति गर्दै जीवनस्तरमा गुणात्मक सुधार गर्ने,
२. उपलब्ध स्रोत साधन, अवसर क्षमताको उच्चतम उपयोग तथा न्यायोचित वितरण गर्दै सामाजिक न्याय सहितको आर्थिक विकास गर्ने, राष्ट्रिय लक्ष्यलाई पुरा गर्न अधिकतम प्रयास गर्ने,
३. दिगो प्रतिफलमूखि भौतिक पूर्वाधार निर्माण गर्ने ।
४. गुणस्तरिय सार्वजनिक सेवा र सुशासन प्रदन गर्ने ।

माथि उल्लेखित वजेटका उद्देश्यहरु हासिल गर्न देहायअनुसार नीतिगत, कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

१. चरम गरिवी अन्त्य र पिछडीएका क्षेत्र वर्ग र समुदायको उत्थान गर्दै सामाजिक सुरक्षा विस्तार सहित लोक कल्याणकारी राज्य व्यवस्था निर्माणमा सहयोग ।
२. प्रतिफल गुणस्तरिय पूर्वाधार निर्माण लगानी गर्ने ।
३. उद्यमशिलता प्रबर्द्धन, उत्पादन र रोजगारी सिर्जना गर्ने ।
४. समावेशी र सन्तुलित विकास गर्ने ।
५. कृषि र पशुजन्य वस्तू उत्पादन तथा व्यावसायिकरण र बजारिकरणलाई कृषक मैत्रि वनाउन अनुदान प्रणाली अवलम्वन ।
६. जनमूखि सेवा, सदाचार प्रवर्द्धन र शासकीय सुधारमा जोड दिने ।

**आगामी आर्थिक वर्षका लागि कूल ६१ करोड, ८२ लाख ८१ हजार १० रुपैया १८ पैसा वजेट प्रस्तुत गरेको छु । जस मध्ये आयका श्रोत यस प्रकार रहेका छन ।**

१. संघीय सरकार बाट प्राप्त अनुदान

क) बित्तीय समानीकरण तर्फ रु ९ करोड, ३५ लाख

ख) शर्सत अनुदान तर्फ चालु रु २४ करोड, ९४ लाख**

ग) शसर्त अनुदान पूँजीगत तर्फ रु २६ लाख

घ) राजस्व वाडँफाड तर्फ रु ११ करोड ६१ लाख ९८ हजार २ सय ८८

ङ) विशेष अनुदान तर्फ रु १ करोड ६५ लाख

च) समपुरक अनुदान तर्फ रु १ करोड ३२ लाख

## २. प्रदेश सरकार बाट प्राप्त अनुदान

क) बित्तीय समानीकरण रु १ करोड १० लाख, २२ हजार

ख) सशर्त अनुदान पुँजिगत रु  १ करोड ३५ लाख

घ) विशेष अनुदान रु १ करोड ५२ लाख

ङ) समपुरक अनुदान रु ३ करोड २७  लाख

च) प्रदेश राजस्व बाँडफाँड रु १८ लाख २२ हजार ७ सय २२ रुपैया १८ पैसा

छ सशर्त अनुदान चालु रु १ करोड ४७ लाख ८१ हजार

### ३.आन्तरिक आम्दानी

क) आन्तरीक राजस्व अनुमानित रु २० लाख

ख) गत वर्षको अल्या अनुमानित रु ३ करोड ५८ लाख ५७ हजार

**आदरणीय गाउँ सभाका अध्यक्ष, तथा सदस्यज्यूहरु**

अव म आ.व. २०८२।०८३ मा हुने सम्पूर्ण व्यय तर्फको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु, ।

१) चालु तर्फः

अनुसूचि ३ बमोजिमका शिर्षकहरुमा रहेर गाउँपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुको वार्षिक चालु प्रकृतिका सम्पूर्ण खर्च, कर्मचारी र पदाधिकारीहरुको पारिश्रमिक, सेवा सुविधा तथा उच्च मनोबलका साथ काम गर्ने बाताबरण निर्माणका लागि  रु १० करोड ७० लाख  विनियोजन गरेको छु ।

२) शर्शत अनुदान तर्फको खर्चः

यस गाउँपालिका भित्र समाहित भएका शिक्षक तथा स्वास्थ्य कर्मीहरुको तलव भत्ता  तथा अन्य सुविधाहरुको व्यवस्थापन गर्न संघीय सरकारवाट प्राप्त सर्शत अनुदान चालु र पूँजिगत गरी एकमुष्ट रु २४ करोड २० लाख  विनियोजन गरेको  छु ।

संघीय सरकारसंग विभिन्न शिर्षकमा माग गरिएका योजनाहरुको एकमुष्ट प्राप्त भएको विशेष अनुदान रु १ करोड ६५ लाख, समपुरक अनुदान रु १ करोड ३२ लाख गरि एकमुष्ट अनुदान रु २ करोड ९७ लाख समावेश गरेको छु ।

### ३) प्रदेश विशेष, समपुरक र सशर्त अनुदान

कर्णाली प्रदेश सरकारसंग विभिन्न शिर्षकमा माग गरिएका योजनाहरुको एकमुष्ट प्राप्त भएको विशेष अनुदान रु १ करोड ५२ लाख,  समपुरक अनुदान रु ३ करोड २७ लाख र शसर्त अनुदान रु २ करोड ८२ लाख  ८१ हजार गरी एकमुष्ट ७ करोड ६१ लाख ८१ हजार  समावेश गरेको छु ।

**४) सार्वजनिक निर्माण खर्च :**

यस कुशे गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि सम्पूर्ण क्षेत्रमा बाँडफाँड गरेको रकमलाई सार्वजनिक निर्माण खर्च अन्तर्गत राखिएको छ । यस शिर्षकमा रु १५ करोड ३४ हजार १० रुपैया १८ पैसा विनियोजन गरेको छु ।

**श्रद्धेय सभा अध्यक्ष तथा गाउँ सभाका सदस्य ज्यूहरु**

अव म सार्वजनिक निर्माण अन्तर्गत विनियोजन गरेको कुल रकमलाई अनुसूचि ५ बमोजिमको शिर्षकमा राखी छुट्टा छुट्टै शिर्षकमा विनियोजन गरेको रकम प्रस्तुत गर्न चाहान्छु ।

**क) आर्थिक विकास**

विकास र समृद्धिको यात्रामा अर्थ क्षेत्रको ठुलो महत्व रहन्छ । गरिवी घटाउन आर्थिक गतिविधि संचालन गर्न जनतालाई सम्पतिको मालिक बनाउन, कृषि, पशुपालन उद्योग वाणिज्य क्षेत्रलाई मजवुत र सुदृढ बनाउन हामी चाहान्छौं ।

तसर्थ आर्थिक विकास तर्फ कुल रु **१ करोड ३५ लाख २२ हजार** विनियोजन गरेको छु । जस मध्ये कृषि विकास तर्फ रु १० लाख, पशु पंक्षी विकास तर्फ रु १६ लाख २२ हजार, पर्यटन तर्फ रु १४ लाख, रोजगार तर्फ रु ४३ लाख, उद्योग विकास तर्फ १० लाख, सहकारी तर्फ रु ५ लाख र सिचाई तर्फ रु ३७ लाख विनियोजन गरेको छु

**ख) सामाजिक विकास**

सामाजिक क्षेत्रको विकासबाट कुशे गाउँपालिकाको समग्र विकास हुने भएकोले सामाजिक विकासमा विशेष जोड दिएको छु र विपद्को कारणले समस्यामा परेका समुदाय, व्यक्तिलाई आवश्यकता अनुसार बहुसाँस्कृतिक मनोपरामर्श तथा मनोसामाजिक कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक हिंसा वृहत यौनिकता शिक्षा तथा यौन तथा प्रजन्न स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम तथा भुकम्प प्रभावित न्यून आर्थिक अवस्था भएका महिलाहरुलाई सिप मुलक तालिम कार्यक्रमहरु संचालन गर्ने गरि व्यवस्था मिलाएको छु । सामाजिक विकास तर्फ कुल **रु ४ करोड ८८ लाख २० हजार** विनियोजन गरेको छु । जस मध्ये शिक्षातर्फ रु १ करोड ८१ लाख, स्वास्थ्य तर्फ रु ४४ लाख ५० हजार, महिला विकास कार्यक्रम अन्तर्गत गर्भवती तथा किशोरीसँग उपाध्यक्ष कार्यक्रम तर्फ रु २० लाख, बालबालिका तर्फ रु १० लाख, जेष्ठ नागरिक सहयोग कार्यक्रम तर्फ रु ५ लाख , अपागंता भएका वालवालिका परिवारलाई स्वास्थ्य विमा तथा अपागंता स्वास्थ्य शिविर कार्यक्रममा रु ५ लाख, न्यायिक समिति रु १० लाख खानेपानी तथा सरसफाई तर्फ रु. ९८ लाख ७० हजार, छात्रवृद्धि कार्यक्रम रु १० लाख, संस्कृति प्रवर्द्धन तर्फ रु ७१ लाख र खेलकुद

तथा मनोरञ्जन तर्फ रु. ३० लाख रुपैया, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण तर्फ रु ३ लाख विनियोजन गरेको छु ।

**ग) पुर्वाधार विकास**

गाउँपालिकामा रहेका सडकहरुको विकास र दिगोपन ल्याई सुरक्षित समग्र विकासको लागि पुर्वाधार विकास तर्फ कुल **रु. ६ करोड ६ लाख ८० हजार** रुपैया विनियोजन गरेको छु । जस मध्ये स्थानीय सडक तर्फ रु. ३ करोड ३२ लाख ५० हजार, पुल तथा झोलङ्गे पुलं तर्फ रु. २९ लाख, भवन तथा शहरी विकास तर्फ रु. १ करोड ७० लाख ३०, संचार तर्फ रु २५ लाख र सघंसस्था म्याचिग ५० लाख विनियोजन गरेको छु ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

कुशे गाउँपालिकाको विपद् व्यवस्थापन तर्फ कुल **रु. २ करोड ४१ लाख** विनियोजन गरेको छु । यस गाउँपालिका भित्र रहेको विपद् राहत तथा उद्धार कोषमा आपतकालीन राहत तथा उद्धार गर्न रु. ३० लाख, वातावरण सरक्षण तथा रोकथाम तर्फ रु. २ करोड ११ लाख लाख विनियोजन गरेको छु ।

**ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन**

जनतालाई दिने सार्वजनिक सेवा प्रवाह चुस्त र दुरुस्त वनाउन सार्वजनिक सुनुवाई कायक्रम संचालन गरिने छ । समता, समानता, न्याय , सहभागिता, पारदर्शिता, अभिव्यक्ति स्वतन्त्रता तथा सार्वजनिक महत्वका विषयमा जनताले सूचना प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न कार्यालयले सम्पादन गरेका कार्य सार्वजनिक गर्न आवश्यक व्यवस्था मिलाइने छ । सेवाग्राहीमैत्री सेवा प्रवाह, क्षतिपूर्ति सहितको सेवा, जिम्मेवारी बोध सहितको सेवाको प्रत्याभूति गरिने छ । यिनै पक्षको सुदृढिकरणका लागि संस्थागत विकास सेवाप्रवाह र सुशासनतर्फ कुल **रु. ६२ लाख ७८ हजार १० रुपैया** १८ पैसा विनियोजन गरेको छु ।

यस गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको सेवाको सुरक्षाको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

**सभा अध्यक्ष तथा सभा सदस्यज्यूहरु**

माथि उल्लेख गरिएका सार्वजनिक निर्माण अन्तर्गत रहेका नितान्त प्राबिधिक विषय र खरिद गर्नुपर्ने सामग्री बाहेक सबैमा प्रत्येक सार्वजनिक निर्माण शिर्षकमा छुट्याईएको कुल रकमको १ प्रतिशत विपद्कोष र ४ प्रतिशत कन्टेन्जेन्सी रकम र अन्य निर्माणमा ६ प्रतिशत, सडक तर्फ १५ प्रतिशत श्रमदान वा जनसहभागितालाई समेत वजेटमा समाहित गरेको छु । साथै संघीय सरकार ,प्रदेश

सरकार र अन्य संघ ,संस्था वि तथा विश्व खाध्य कार्यक्रम,छाँया नेपाल सँगको साझेदारीमा योजना र कार्यक्रम संचालन गर्न समपुरक कोषमा विशेष जोड दिइनेछ ।

यस गाउँपालिकाको आफ्नो स्रोत साधनले गर्न नसक्ने योजना तथा कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग उचित पहल गरिनेछ ।

यो बजेट कुशेबासीको सकारात्मक सोच,जनप्रतिनिधीको साथ र राष्ट्रसेवक कर्मचारीहरुको लगावले कार्यान्वयन हुनेछ । जसको कार्यान्वयन बाट संस्थागत सुधार आयमा वृद्धि भई उन्नतिको पथमा कुशेले फड्को मार्नेमा विश्वास लिएको छु ।

प्रस्तावित कार्यक्रम बाट गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने बिश्वास लिएको छु।

**अन्तमा,**

प्रस्तुत गरिएको बजेटको कार्यान्वयनबाट नयाँ चरणको आर्थिक सुधार कार्यान्वयन हुनेछ । लामो समयदेखि पूजिगत खर्चको परिचालनमा देखिएका अवरोध समाधान हुने र सार्वजनिक वित्त प्रणाली थप चुस्त भई सार्वजनिक खर्चको प्रभावकारिता बढ्ने अपेक्षा गरेको छु । निर्दिष्ठ कार्यक्रम र निर्धारित कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी सामुहिक रुपमा कार्यान्वयन पद्धतिको परिचालनबाट बजेट तथा कार्यक्रममार्फत गाउँपालिकाले लिएका क्षेत्रगत नीतिहरुमा उल्लेख्य सुधार तथा गुणात्मक विकास भै समग्र पालिकाले विकासमा अग्रगामी छलाङ्ग मार्ने कुराको दृढ संकल्प साथ बजेट पेश गरिएको छ । यो बजेटको कार्यान्वयनबाट आर्थिक गतिविधिमा तिव्रता आउने र उत्पादन वृद्धि,रोजगार सृजना हुन गई दिगो फराकिलो एवं समावेशी आर्थिक विकास हुने कुराको विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा महत्वपूर्ण सल्लाह सुझाव, मार्गदर्शन र सहयोग प्रदान गर्नु हुने गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभा सदस्य, विषयगत समितिहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विषयगत शाखाका प्रमुख, साझेदार संस्था, गैसस, सञ्चारकर्मी, निजी क्षेत्र, सम्पूर्ण संघसस्था, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु लगायत सम्पूर्ण गाउँबासी दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

देविका कुमारी सिंह<br>
उपाध्यक्ष तथा संयोजक<br>
वजेट तथा कार्यक्रम तर्जुमा समिति<br>
२०८२ असार १० गते